# काठमाडौं महानगरपालिका

# यँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कमलादी, काठमाडौं, वागमती प्रदेश, नेपाल

**(प्रशासन विभाग)**


प.सं.: ०८३।०८४

च.नं.: २८४

मिति २०८३।०५।८

(ने.सं. ११४६ गुंलाथ्व द्वादसि)

श्री वडा कार्यालयहँरु

वडा नं ६, ७, ९,१, २८, २७, २५, २४

काठमाडौं महानगरपालिका ।

**विषय चाँगुनारायणको कलश यात्रामा आवश्यक समन्वय, सहजीकरण तथा सहयोग गरिदिने बारे ।**

विश्व सम्पदा सूचीमा सूचीकृत नेपालको ऐतिहासिक, धार्मिक र सांस्कृतिक यस चाँगुनारायणको परम्परागत कलश यात्रा वार्षिक दुईपटक गरिनेमध्ये दोस्रो कार्यक्रम यही २०८३ भाद्र ९ गते, मंगलवार हुँदैछ। यस यात्रामा श्री चाँगुनारायण, देवी लक्ष्मी र देवी सरस्वतीरूपी कलात्मक चाँदीका कलशहरू यस मन्दिरदेखि पैदल यात्रा गरी काठमाडौं महानगरपालिकामा बौद्ध-चावहिल हुँदै कालोपुलबाट नक्साल, कमलादी हुँदै जमल पुर्‍याइन्छ । जमलमा पूजा गरी गुरुज्यूको पल्टनका साथ सो यात्रा नगर प्रवेश भएपछि कमलाछी, असन, बालकुमारी, केलटोल, इन्द्रचोक, मखन हुँदै हनुमानढोका पुर्‍याइने सो सांस्कृतिक यात्रा काठमाडौं महानगरपालिका कै क्षेत्रमा आइपुग्ने र आवश्यक विधी विधान पूर्वक पुजा तथा यात्रा सम्मन्न हुने हुँदा यस निकायबाट निम्नानुसारको सहयोग, समन्वय, सहभागिता र सहजीकरणका लागि अनुरोध भइ आएकोले सो अनुसार गर्न गराउन हुन निर्द्शानुसार अनुरोध छ ।अनुरोध भइ आएका सहयोगहरु निम्नानुसार छन् :

**श्री वातावरण व्यवस्थापन विभाग र श्री नगर प्रहरी बल,**

<u>१) सरसफाई तथा सुरक्षा व्यवस्था</u> : यात्रामा नेपाली सेनाको घोडचढी र नेपाल प्रहरीबाट हतियारसहितको सुरक्षा हुन्छ। तर, महानगर प्रहरी (कपडाको जुत्ता लगाएर, छालाको जुत्ता चाहिँ वर्जित छ)ले वा अन्य स्थानीय स्वयंसेवी व्यक्ति वा संघ-संस्थाले पनि महानगर क्षेत्रभर यात्रामा साथ दिंदा जात्राको उल्लास बढ्नेछ। यसका साथै व्रत नियममा बसी कलश बोक्नेहरूलाई पनि असुविधा नपर्ने गरी तथा दर्शन पूजा गर्ने भक्तजनलाई पनि सहजीकरण गर्ने कार्य महानगर प्रहरीले गरिदिनहुन अनुरोध छ ।

# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कमलादी, काठमाडौं, वागमती प्रदेश, नेपाल

**(प्रशासन विभाग)**


प.सं.: ०८३।०८४

च.नं.:

**श्री सम्पदा तथा पर्यटन विभाग र वडा कार्यालयहरु- ६, ७, ९,१, २८, २७, २५, २४**

**२) स्थानीयहरूसँग समन्वय :** बाटो बाटोमा दर्शन-पूजा गर्नलाई व्यवस्थित गर्ने, कलश यात्रालाई स्वागत गर्ने, यात्रामा सहभागी भक्तजन तथा बाजादारहरूलाई आवश्यक खानेपानी वा आरामको व्यवस्था गर्ने, चाँगुनारायणको कलशजात्राको परिचयात्मक व्यानर वा फ्लेक्स यात्रासँगै लग्ने आदि जस्ता कार्यहरूमार्फत् वा स्वागतका लागि बाजाहरू निकालेर यस यात्रामा स्थानीय वडा कार्यालयले वा अन्य स्थानीय क्लब, संघसंस्थाले सहयोग गर्न सक्छन् । यसका लागि आवश्यक पहल, समन्वय र सहयोग गरिदिनुहुन हार्दिक अनुरोध छ।

२.१ यस यात्रामा पौष शुक्ल पूर्णिमा (अर्थात् आगामी पौष १९ गतेको यात्रामा माटाका फुटेका वा रित्तो भाँडाकुँडा बाटै बाटोमा राख्ने प्रचलन पनि छ। तर केहीयता उच्छृङ्खल तरिकाले फुटाउने वा धुंवा पार्ने भनी आगो बाल्ने आदि कार्य पनि देखिएकोले यसलाई पनि यात्रामा बाधा नपुग्ने गरी व्यवस्था गरिदिनहुन पनि अनुरोध छ।

२.२ काठमाडौंको जमल-घण्टाघरस्थित त्रिचन्द्र कलेजको परिसरभित्र यस यात्राको रुट पर्छ । विशेषतः पौषको महिनामा हिउँदे विदा हुँदा कलेजमा ताला लगाइएको हुन्छ र सम्बन्धित व्यक्ति कोही पनि अगाडि नहुँदा यात्रामा सधैं बाधा पुग्ने गरेको छ । यस अवरोधलाई पनि यसपटकदेखि र कहिल्यै नदोहोरिने गरी दीगो रूपमा सम्बोधन गरिदिनहुन पनि आवश्यक पहलकदमीका लागि अनुरोध गर्दछौं ।

२.३ लिच्छविकाल र मल्लकालको वैभवशाली इतिहास बोकेको यस कलश यात्राको रुटमा पर्ने अन्य केही स्थानहरू पनि हाल भौतिक संरचना बनाई छेकिएका छन् । ती छेकिएका संरचनामा पनि आवश्यक व्यवस्था मिलाई सकेसम्म पुरानै रुटमा यात्रा लग्ने गरी दीर्घकालीन रूपमा व्यवस्था गर्न पनि आवश्यक चाँजोपाँचो मिलाउनका लागि सहकार्यका लागि पनि अनुरोध छ।

**श्री नगर प्रहरी बल,**

**३) ट्राफिक व्यवस्थापन :** यात्राका क्रममा मूलबाटै हिंड्नु पर्दा सवारी आवागमनमा केही-केही स्थानमा असहज हुन सक्ने हुँदा यसका लागि ट्राफिक निकायसँग आवश्यक समन्वय र सहजीकरण गरिदिनहुन पनि अनुरोध छ। यस सम्बन्धी रुट र सम्भावित समय पछाडि सूचीमा संलग्न गरीएको छ ।

# काठमाडौं महानगरपालिका

# यँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कमलादी, काठमाडौं, वागमती प्रदेश, नेपाल

**(प्रशासन विभाग)**


प.सं.: ०८३।०८४

च.नं.:

श्री सूचना प्रविधी विभाग,

<u>४) जात्रा प्रवर्द्धनका लागि आवश्यक प्रचार-प्रसार ऐतिहासिक</u> र सांस्कृतिक रूपले धनी काठमाडौं र चाँगुनारायण दुवै शहरलाई जोड्ने यस कलशयात्रालाई भव्य र सभ्य बनाउन यस महानगरपालिकाको पनि सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं। साथै, परम्परा आत्मसात् गर्दै प्राचीन काठमाडौं शहर भित्र्याउँदा जमलमा गुरुज्यूको पल्टनसँगै यस यात्राको स्वागत महानगरपालिकाबाटै प्रमुख वा उपप्रमुखज्यूले पनि गर्नुहुने गरी पहल होस् भन्ने प्रस्ताव पनि गर्दछौं। यस महत्त्वपूर्ण कार्यका लागि राष्ट्रिय वा स्थानीय मिडिया, सामाजिक सञ्जाल, अनलाइनहरूमा प्रचार-प्रसार गरिदिनहुन, आवश्यक फोटो वा भिडियो लिने प्रबन्ध गरिदिनहुन तथा महानगरपालिकाकै अर्काइभमा यस यात्राबारे विस्तृत विवरण राखी भविष्यमा पनि यस्तै साथ, सहयोग र सहभागिता जनाउनहुन पनि हार्दिक अनुरोध गर्दछौं । यस कार्यमा हामी चाँगुनारायणवासी, चाँगुनारायण विकास समिति, पुरातत्त्व विभाग र विशेषतः स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुर र हनुमानढोका सङ्ग्रहालय विकास समिति लगायत केही स्थानीय संघसंस्थाले जात्राको प्रचार-प्रसार र प्रवर्द्धन आदि गरिरहेका छन् ।

..............................

**श्रृजु मैया प्रधान**

उप-निर्देशक

तथा

सांस्कृतिक तथा रचनात्मक कार्यक्रम संयोजक

**<u>कलश यात्रा हुने रुट</u>**

बौद्ध-चावहिल हुँदै कालोपुलबाट नक्साल, कमलादी हुँदै जमल र जमलमा पूजा गरी गुरुज्यूको पल्टनका साथ सो यात्रा नगर प्रवेश भएपछि कमलाछी, असन, बालकुमारी, केलटोल, इन्द्रचोक, मखन हुँदै हनुमानढोका पुर्‍याइने।

**<u>बोधार्थ</u>**

- चाँगुनारायण विकास समिति, भक्तपुर-४


कमलादी, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४१६८७२६

E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np